# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७७
# बाणगंगा नगरपालिका, कपिलवस्तु




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
सामाजिक सेवा बिभाग

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

**प्रदेश नं.५, कर्णाली र सुदूरपश्चिम प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

पत्र संख्या:- २०७६/७७
च.नं : ५२

मिति: २०७७/३/२४

श्री नगरप्रमुख ज्यू,
वाणगंगा नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, कपिलबस्तु ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनकोलागि अनुरोध छ ।

(चन्द्रकान्त भण्डारी)
नायब महालेखापरीक्षक

## महालेखापरीक्षकको भनाई



(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ ।लेखापरीक्षण ऐन,२०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड,वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद ब्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता पर्वद्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी  विकास निर्माण तर्फ योजना प्राथामिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक शीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन् ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिकपूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २९ गते ।

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
महालेखा परीक्षकको कार्यालय नेपाल २०१६
**सामाजिक सेवा बिभाग**

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

**(प्रादेशिक लेखापरीक्षण प्रदेश नं.५, कर्णाली र सुदूरपश्चिम लेखापरीक्षण प्रदेश महानिर्देशनालय)**

पत्र संख्या : २०७७।७८
च.नं : ५२ मितिः २०७७।३।२४

श्री नगर प्रमुख ज्यू,
वाणगंगा नगरपालिका,
कपिलबस्तु ।

**विषयः लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले वाणगंगा नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससंग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट १० लाख १७ हजार बेरुजू देखिएको छ । सोमध्ये नियमित गर्नुपर्ने रु.१० लाख १७ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।०९।०६ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहित विभिन्न ३४ दफाको रु.८८ लाख ४४ हजार असुल फछ्र्यौट भई प्रमाण कागजात पेश हुन आएकोले उक्त दफा प्रारम्भिक प्रतिवेदनवाट हटाइएको छ । अन्य दफा बेरुजु फछ्र्यौट नभई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना १२ (बाह्र) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको

छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृतको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनको लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्य तया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

२०७७।६।२४

(चन्द्रकान्त भण्डारी)
नायवमहालेखापरीक्षक

## वाणगंगा नगरपालिका नगरपालिका, कपिलबस्तु
## लेखापरीक्षण प्रतिवेदन
## २०७५।७६

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारिता दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस गाँउपालिकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधानको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मूख्य उद्देश्य रहेको छ । ५ नं. प्रदेशमा अवस्थित यो नगरपालिका अन्तर्गत वडा ११, २३३.६८ वर्ग कि.मी.क्षेत्रफल र ७५२४२ जनसंख्या रहेको छ ।

**स्थानीय संचितकोष :** आर्थिक वर्ष २०७५।०७६ को स्थानीय संचितकोषको आयव्यय हिसावको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ :

| सि.नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | ० | १११२१७८३.५६ | १ | **चालु खर्च** | ३३७३७३८०४.८० | ३३७३७३८०४.८० |
| | क) नगद | ०.०० | ० | २ | **पूँजीगत खर्च** | ३८०३७०७६३.९६ | ३८०३७०७६३.९६ |
| | ख) बैंक | १११२१७८३.५६ | ० | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | ० | ०.०० |
| २ | **राजस्व (आन्तरिक आय)** | ० | २००६५४५४७.४४ | | क) ऋण भुक्तानी | ०.०० | ० |
| | क) आन्तरिक राजस्व | ३९१३६९३०.७२ | ० | | ख) ब्याज भुक्तानी | ०.०० | ० |
| | ख) राजस्व बाँडफाँड | १६१५१७६१६.७२ | ० | | ग) अन्य भुक्तानी | ०.०० | ० |
| | ग) अन्य आय | ०.०० | ० | ४ | **लगानी** | ० | ०.०० |
| ३ | **वित्तीय हस्तान्तरण** | ० | ५२२५३००००.०० | | ऋण लगानी | ०.०० | ० |
| | क)वित्तीय समानीकरण अनुदान | १८९२०००००.०० | ० | | शेयर लगानी | ०.०० | ० |
| | ख) सशर्त अनुदान | २९०८१३०००.०० | ० | | अन्य लगानी | ०.०० | ० |
| | ग) समपूरक अनुदान | ३२५१७०००.०० | ० | ५ | **धरौटी फिर्ता** | ०.०० | ० |
| | घ) विशेष अनुदान | १००००००००.०० | ० | ६ | **कोष खर्च** | ०.०० | ० |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | ० | २८४३४०००.०० | ७ | **मौज्दात** | ० | २८९१३७८९.५५ |
| | क)वित्तीय समानीकरण अनुदान | ५४५२०००.०० | ० | | क) बैंक मौज्दात | २८९१३७८९.५५ | ० |
| | ख) सशर्त अनुदान | ७५०००००.०० | ० | | ख) बैंक मौज्दात संचित कोष | ० | ० |
| | ग) समपूरक अनुदान | १५४८२०००.०० | ० | ८ | **बाँकी/फिर्ता** | ० | ३८१५३१५३.६९ |
| | घ) विशेष अनुदान | ०.०० | ० | | निकासा बाँकी | ०.०० | ० |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | ० | ०.०० | | निकासा फिर्ता | ३८१५३१५३.६९ | ० |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | ० | ०.०० | | | ० | ० |
| | क) ऋण प्राप्ति | ०.०० | ० | | | ० | ० |
| | ख) साँवा प्राप्ति | ०.०० | ० | | | ० | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ग) ब्याज प्राप्ति | ०.०० | ० | | | ० | ० |
| | घ) अन्य प्राप्ति | ०.०० | ० | | | ० | ० |
| **७** | **विभिन्न कोषतर्फको आय** | ० | ०.०० | | | ० | ० |
| **८** | **जनसहभागिता (नगद)** | १८४५३१६४.०० | १८४५३१६४.०० | | | ० | ० |
| ९ | **विषयगत निकायबाट प्राप्त रकम** | ० | १५११०७४६३.०० | ९ | **विषयगत निकायको व्यय रकम** | ० | १४७४८९४४६.०० |
| | सामाजिक सुरक्षा | ९८६५७९००.०० | | | सामाजिक सुरक्षा | ९८६५७९००.०० | |
| | बहुक्षेत्रीय पोषण कार्यक्रम | २००००००.०० | | | बहुक्षेत्रीय पोषण कार्यक्रम | १८५७८५०.०० | |
| | प्रधानमन्त्री रोजगार कार्यक्रम | ९२८२०००.०० | | | प्रधानमन्त्री रोजगार कार्यक्रम | ७७८४८६४.०० | |
| | स्थानिय शासन तथा सामुदायिक विकास कार्यक्रम | ३०५०००.०० | | | स्थानिय शासन तथा सामुदायिक विकास कार्यक्रम | ३०५०००.०० | |
| | स्थानिय पूर्वाधार विकास साझेदारी कार्यक्रम | २३८२००००.०० | | | स्थानिय पूर्वाधार विकास साझेदारी कार्यक्रम | २२३०३९६२.०० | |
| | राष्ट्रपति चुरे तराई मधेश संरक्षण कार्यक्रम | १२८०२१००.०० | | | राष्ट्रपति चुरे तराई मधेश संरक्षण कार्यक्रम | १२३३९४०७.०० | |
| | टेलीसेन्टर तथा स्थापना तथा संचालन | ४०००००.०० | | | टेलीसेन्टर तथा स्थापना तथा संचालन | ४०००००.०० | |
| | सडक वोर्ड | २३८०१९९.०० | | | सडक वोर्ड | २३८०१९९.०० | |
| | द्वन्द्व पिडित | ४५०००.०० | | | द्वन्द्व पिडित | ४५०००.०० | |
| | नगर विकास कोष | १४१५२६४.०० | | | नगर विकास कोष | १४१५२६४.०० | |
| | **धरौटी बाहेक जम्मा** | **९३२३००९५८** | **९३२३००९५८** | | | **९३२३००९५८** | **९३२३००९५८** |
| **१०** | **धरौटी आय** | ३१३३८८९३४.६२ | ३१३३८८९३४.६२ | | धरौटी व्यय | ९०५०४३९.०० | ९०५०४३९.०० |
| | | | | | धरौटी बाँकी | २२३३८४९५.६२ | २२३३८४९५.६२ |
| | **धरौटी जम्मा** | ३१३३८८९३४.६२ | ३१३३८८९३४.६२ | | **धरौटी जम्मा** | ३१३३८८९३४.६२ | ३१३३८८९३४.६२ |

**लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन :**

| दफा नं | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १. | **प्रोदभावी लेखा :** नगरपालिकाको लेखा दोहोरो श्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी लेखा राख्नु पर्नेमा सो अनुसार लेखा राखेकाले वित्तिय विवरणले वास्तविक सम्पत्ति र दायित्वको स्थिति देखाउदैन भने शीर्षकगत खर्चको स्थिति समेत मुल्यांकन गर्न सकिने स्थिति देखिएन ।अतः प्रोदभावी लेखाप्रणाली अबलम्बन गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| २. | **वजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरि आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादात्म्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । नगरपालिकाले सो अनुसार कार्य गरेको छैन । अतः तोकिएअनुरुपको प्रक्रिया मिलाइ कार्यक्रम तयार गर्नुपर्दछ । | |
| ३. | **योजना वनाई कार्यान्वयन :** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा २४ बमोजिम नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा स्थानियस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजना वनाई लागु गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले विषय क्षेत्रगत, मध्यकालीन तथा दीर्घकालीन विकास योजना वनाएको देखिएन । अतः योजना बनाई कार्यान्वयन गर्नुपर्दछ । | |
| ४. | **स्रोत अनुमान र बजेट निर्धारण समिती** : स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ६७ मा बजेट तथा कार्यक्रम तर्जुमा समिति, दफा ६७ मा श्रोत अनुमान र वजेट निर्धारण समिति गठनको प्रावधान बमोजिम समिति गठन गरेको देखिन्छ । ऐनको दफा ६७(२) मा बजेट तथा कार्यक्रम तर्जुमा समितिको काम, कर्तव्य र अधिकारको व्यवस्था छ । त्यस्तै ऐनको दफा ६६(३) मा श्रोत अनुमान तथा वजेट सिमा निर्धारण समितिको काम कर्तव्य तोकिएको भएतापनि समिति गठन पश्चात ति समितिहरुले ऐनमा भएको व्यवस्था अनुसार कार्य गरेको देखिएन । अतः समितिहरुले ऐनको व्यवस्था अनुरुप कार्य गर्नुपर्ने देखिन्छ । | |
| | **नियमिततातर्फको लेखापरिक्षणबाट देखिएको व्यहोरा देहाय बमोजिम छन् :** | |
| ५. | **स्थानीय तथ्यांक र अभिलेख :** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम नगरपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालीकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको छैन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ नगरपालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | |
| ६. | **चौमासिक प्रगति :** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ७६(३) बमोजिम प्रमुख प्रशासकिय अधिकृतले नगरपालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिन भित्र कार्यपालिकाको वैठकमा पेश गर्नु पर्नेमा पेश गरेको देखिएन । | |
| ७. | **आन्तरिक लेखापरीक्षण :** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ७७ को उपदफा २ बमोजिम स्थानीय तहले कानुन बमोजिम आफ्नो आय व्ययको आन्तरिक लेखापरीक्षण गराउनुपर्ने | |

| | | |
|---|---|---|
| | र उपदफा ३ मा आन्तरिक लेखापरीक्षणले औंल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनुपर्ने उल्लेख छ । पालिकाले आ.व. २०७५।०७६ को आय व्ययको आन्तरिक लेखापरीक्षण गराएको छैन । जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयले भुक्तानी आदेश गरेको वजेट उपशिर्षकको मात्र आन्तरिक लेखापरीक्षण गरेको देखियो । स्थानिय सरकार संचालन ऐन वमोजिम आय व्ययको वित्तीय विवरण तयार गरी गराई आन्तरिक लेखापरीक्षण गरेको देखिएन । तसर्थ कानुनले तोकेवमोजिम आन्तरिक लेखापरीक्षण गराउनुपर्दछ । | |
| ८. | **आन्तरीक नियन्त्रण प्रर्णाली :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी , नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने र उपदफा ३ बमोजिम आन्तिरिक नियन्त्रण प्रणालीको अनुगमन गर्नका लागि नगरप्रमुखले व्यवस्था मिलाउनुपर्ने उल्लेख गरेको भएतापनि आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गरेको देखिएन । तसर्थ देहाय बमोजिमको व्यवस्थाद्धारा आन्तारिक नियन्त्रण एवं परिचालन गरिनुपर्दछ ।<br>• पुराना मालसमानको मूल्य नखुलेको,<br>• जिन्सी मालसमानको लिलाम/मर्मत नभएको<br>• पेश्की समयमा फछ्र्यौट नगरेको<br>• उद्देश्य प्राप्तीमा आई पर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान र सो निराकरणको लागि कार्यक्रम व्यवस्थित नगरेको<br>• वार्षिक खरिद योजना तयार नभएको, (सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८)<br>• सवारी साधनको लगबुक रीतपूर्वक नराखेको<br>कानूनको परिपालना पूर्णरुपमा नगरेको कारणले आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी नभएको र सेवा प्रवाहमा ढिलाइ भएको हुँदा यथोचित व्यवस्थापनद्धारा कार्य सम्पादन/सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ । | |
| | **कार्यक्रम/योजना संचालनको लेखापरिक्षणबाट देखिएका व्यहोरा देहायबमोजिम छन् :** | |
| ९. | **लक्ष्य प्रगतिको स्थिति :** चौमासिक प्रगती विवरण पेश गरि समिक्षा गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरिय तथा केन्द्रिय स्तरिय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण तयार नगरेकाले प्रगति समिक्षा भएको देखिएन । | |
| १०. | **नगरपालिका कार्यालय भवन निर्माण :** नगरपालिका भवन निर्माण वनाउनको लागि श्यामसुन्दर जे.भी. सँग रु.५,९९,६६,५७२.९७ सुरु सम्झौता भएकोमा संशोधित सम्झौता रु.६,३७,१२,४५१.९३ कायम भएको देखिन्छ । कार्यपालिकाको २०७५।९।३० को निर्णयानुसार नगरपालिकाको निर्माणाधिन कार्यालय भवन ४ तला हुने गरी लागत अनुमान स्वीकृत भएकोमा ५ तलाको बनाउने निर्णयानुसार भेरीयसन आदेश पछि थप दायित्व सिर्जना हुने रकम रु.३७,६२,१०८।५९ ( भ्याट सहित) विभिन्न आयोजनाबाट वचत हुने रकम बाट खर्च गर्ने गरी नगरसभाबाट आगामी सभामा अनुमोदन गर्ने गरी निर्णय गरेको देखियो । यसरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्नेमा संशोधन गरी कार्यक्रम संचालन गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ । | |

| | | |
|---|---|---|
| ११. | **टहरो तथा नाली निर्माणमा घटी कार्य सम्पादन जमानत :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० वमोजिम निर्माण सम्पन्न हुने अवधि भन्दा १३ महिना बढीको कार्य सम्पादन जमानत लिनुपर्दछ । टहरो तथा नाली निर्माण कार्यको सम्झौता रकम रु.७२,३३,४२०।- को रु.३,६५,०००।- जमानत सम्पन्न हुने मिति २०१९ अक्टोवर ६ को १३ महिना अर्थात २०२० नाभेम्बर ६ सम्मको हुनुपर्नेमा २०१९ मे २३ सम्मको मात्र जमानत लिई सम्झौता गरेकोले घटि जमानत लिई सम्झौता गर्नु उपयुक्त देखिएन । | |
| १२. | **न्यायिक समिति** :- वाणगंगा नगरपालिकाको आ.व. २०७५।०७६ मा न्यायिक समितिमा हालसम्म २९ वटा उजुरीहरु दर्ता भएका र १५ वटा उजुरीहरुको फैसला भई किनारा लगाइएको र बाँकी छलफलको क्रममा रहेको उल्लेख छ । बाँकी १४ उजुरीहरुको कारवाही किनारा गर्नुपर्दछ । | |
| १३. | **योजना संशोधन** : स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम नगर सभाबाट स्वीकृत गरेको योजना कार्यान्वयन गरिनुपर्दछ । देहाय अनुसारका योजनाहरु नगरसभावाट छनौट एवं स्वीकृत भएकोमा कार्यपालिकाको निर्णयले योजना परिवर्तन परिमार्जन गरेको देखिन्छ । नगरसभाबाट छनौट एवं पारीत गरेका योजनाहरु कार्यपालिकाको निर्णयले संशोधन गर्नु उपयुक्त होइन । | |

| क.सं. | योजनाको नाम | संशोधन |
|---|---|---|
| १. | कपिलधामको पोखरी सुन्दरीकरण | कपिलधाम मन्दिर परिसरको कम्पाउण्ड वाल निर्माण |
| २. | लौगाई पश्चिम भैरवटोल सडक ग्राभेल | लौगाई पश्चिम भैरवटोल सडक ग्राभेल र मुरनिया कुलो निर्माण |
| ३. | विद्यालयको फिल्ड बाउण्ड्री तथा शौचालय मर्मत कोटिया प्रा.वि. | कोटिया प्रा.वि. विद्यालय भवन रङरोगन |
| ४. | विभिन्न विद्यालयमा सार्वजनिक शौचालय निर्माण | ज्ञानोदय प्रा.वि. सुठौली वाउण्ड्रीवाल र लक्ष्मणघाट मा.वि. मा भवन निर्माण |
| ५. | सिमलखोर मटेरीमा सडम ग्राभेल र स्तरोन्नती | सिमलखोर गाउँभित्र नाली निर्माण |
| ६. | भुइपुरा सडक छेउमा दिवाल र कपुरघोलामा कल्भर्ट निर्माण | कपुरघोलामा कल्भर्ट निर्माण |
| ७. | भण्डा सडक स्तरोन्नती नाली निर्माण तथा कालोपत्रे | भण्डा गाउँमा कल्भर्ट बाटो विस्तार तथा नाली निर्माण |
| ८. | सठौली गाउँमा सडक स्तोरन्नती तथा नाली निर्माण | सडक स्तरोन्नती तथा कालोपत्रे |
| ९. | इप्रका कोपवा, मधौलिया बाल विकास केन्द्र र शिवालय निर्माण | इप्रका कोपवा, मधौलिया बाल विकास केन्द्र माटो पटान र शिवालय मन्दिर कोपवामा शौचालय निर्माण |

| | | |
|---|---|---|
| १४. | **लागत सहभागिताः** स्थानिय तहमा लागत सहभागिताको आधारमा विकास निर्माणका कार्यहरु संचालन भएको छ । वार्डगाउँ मधुवन पावरा अर्घाखाँची जोड्ने सडक कालोपत्रे गरेवापत निर्माण व्यवसायी सम्पन्न निर्माण सेवालाई रु.४६,९२,१८१।- भुक्तानी गरेको देखिन्छ । समपुरक कोषबाट प्रदेश सरकारको ५० प्रतिशत र नगरपालिका र उपभोक्ताले २५।२५ प्रतिशत व्यहोर्ने उल्लेख छ । उक्त निर्माण कार्यको मूल्याङ्कित रकम रु.६२,५६,२४१।- मध्ये उपभोक्ताले व्यहोर्ने रु.१५,६४,०६०।- नगद जम्मा गर्नुपर्नेमा जम्मा नगरेकोले उपभोक्ता मार्फत बुझाउने गरी निर्माण व्यवसायीलाई उल्लेख गरेको देखिन्छ । लागत सहभागिता नहुँदै रकम ठेक्का पट्टाको कार्य शुरु गरेकोले नगद सहभागिताको रकम समितिसँग लिई नियमानुसार भुक्तानी व्यवस्थापन गर्नुपर्दछ । | |
| १५. | **वुद्ध रंगशाला, फेन्सीङ वालः** प्रदेश सशर्त अनुदान बाट रंगशालामा फेन्सीङ वालको लागि रु.७५ लाख वजेट व्यवस्था भएको देखियो । निर्माण कार्य सम्पन्न गर्नको लागि रु.६२,८९,३४८।- कबोल | |

अंक कायम गरी एच.एम विल्डर्स, कपिलवस्तु सँग २०७६।३।३१ सम्ममा काम सम्पन्न गर्ने गरी २०७६।३।२ मा सम्झौता गरेको देखियो । उक्त योजनामा प्रथम रनिङ विलवापत १६,०३,०७०.६२ भुक्तानी गरेको देखिन्छ । हालसम्म २६प्रतिशत वित्तीय प्रगति गरेको र सम्झौता अवधि समाप्त भै सकेतापनि कार्य सम्पन्न गरेको छैन । स्रोत सुनिश्चितता भै सकेको अवस्थामा समयमै ठेक्काट्टा व्यवस्थापनको कार्य नगरेकोले प्रगति नभएको देखिन्छ । उक्त ठेक्काको म्याद थपको कारवाही गरेको छैन ।

१६. **वडा अध्यक्षलाई भुक्तानी :** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभाबाट स्वीकृत भएको वजेट प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी दिनुपर्दछ । वडा संचालनको लागी वडागत रुपमा वजेट व्यवस्था गरेको हुन्छ । निम्न वमोजिमका वडा अध्यक्षहरुले विभिन्न सामान खरिदको विल विजक पेश गरी रकम भुक्तानी लिएको देखिन्छ । वडा संचालनको अनुगमन एवं नियन्त्रण गर्नुपर्ने पदाधिकारी स्वयंले सामान खरिद गरी ल्याई भुक्तानी लिएबाट नियन्त्रण र सन्तुलन पक्ष कमजोर हुने हुनाले नगरपालिकाले प्रतिस्पर्धात्मक खरिद विधि अवलम्बन गरि खरिद गरी वडालाई आवश्यकताको आधारमा हस्तान्तरण गर्नुपर्ने रु. १०१७३००.००

| भौ. नं. | वडा अध्यक्षको नाम | विवरण | रकम |
|---|---|---|---|
| ५३०- ०७६/३/३० | वडा नं. ८ अध्यक्ष गुणनिधि भुसाल | | १५००००.०० |
| ५२९- ०७६/३/३० | वडा नं. ६ अध्यक्ष शुकदेव थारु | | ७००००.०० |
| ५२८-०७६/३/३१ | वडा नं. ५ अध्यक्ष भिष्मराज भुसाल | | ५००००.०० |
| ५२७-०७६/३/३१ | वडा नं. ५ अध्यक्ष भिष्मराज भुसाल | | १३७३००.०० |
| ५२६- ०७६/३/३१ | वडानं. ४ अध्यक्ष गणेश ब. क्षेत्री | | ४०००००.०० |
| ५२४- ०७६/३/३० | वडा २ अध्यक्ष विष्णु प्रसाद पौडेल | | ७००००.०० |
| ५३२- ०७६/३/३० | वडा ३ अध्यक्ष सन्तराज रौतार थारु | | ७००००.०० |
| ५३१- ०७६/३/३० | वडा नं. अध्यक्ष वालकुमारी पन्थ | | ७००००.०० |
| जम्मा | | | १०१७३००.०० |

१७. **वैठक भत्ता** : प्रदेश नं. ५ अर्न्तगतका स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ४(१) मा मसिक सुविधा पाउने पदाधिकारी वाहेकका सभाका सदस्यले सभा, कार्यपालिका, वडा समिति वा स्थानिय तहको कुनै समिति वा उपसमितिको वैठकमा भाग लिएको दिनको अनुसूची १ वमोजिमको वैठक भत्ता पाउने उल्लेख छ । मासिक सुविधा पाउने पदाधिकारी वाहेकले वैठक भत्ता पाउने उल्लेख गरेको भएतापनि मासिक सुविधा पाएका पदाधिकारी तथा कर्मचारीलाई समेत यस वर्ष ४९,२८,३५०।- वैठक भत्ता खर्च लेखेको देखियो । ऐनले तोकेको वाहेकको भत्ता सुविधा दिन नमिल्ने हुनाले यस किसिमको खर्च नियन्त्रण गर्नुपर्दछ ।

१८. **प्रोत्साहन भत्ता :** नगरपालिकाले कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता उपलब्ध गराउने कार्यविधि २०७५ मिति २०७५।८।२४ गते कार्यपालिका बाट स्वीकृत गराई कर्मचारीहरुलाई नियमित कार्यालय समय भन्दा अतिरिक्त समयमा कार्यालयको आवश्यकता अनुसार उपस्थित भई कार्य गरेमा सार्वजनिक विदाको दिनमा समेत आयोजना हुने नगरपालिकाका विभिन्न कार्यक्रम तथा आयोजनाहरुमा सहभागि भएमा कर्मचारीहरुलाई आधारभुत पारिश्रमिकको ३० प्रतिशतले अनुसूची १ वमोजिमको सूचकहरुको मासिक मुल्याङ्कन गरिएको कागजात संलग्न नगरी यस वर्ष रु.४९,०२,२५३।- खर्च लेखेको छ । कर्मचारीलाई अनुसूची १ वमोजिमको सूचकहरुको आधारमा मुल्याङ्कन गरेको प्रमाण संलग्न गरी मात्र खर्च गर्नुपर्दछ ।

१९. **गैर सरकारी संस्थावाट गरेको कार्यको अनुगमन :** नगरपालिका कार्यालयले गैर सरकारी संस्थाबाट विभिन्न कार्यक्रमहरु संचालन गराई निम्न वमोजिम खर्च लेखेको छ । उक्त

कार्यक्रमको पालिका कार्यालयका पदाधिकारी तथा कर्मचारीहरुले अनुगमन भत्ता निम्न वमोजिम बुझेको देखिन्छ। सो सम्बन्धमा निम्न व्यहोरा देखियो।

| भौ.नं. र मिति | गैर सरकारी संस्थाको नाम | खर्च रकम | अनुगमन कर्ता | अनुगमन भत्ता |
|---|---|---|---|---|
| ५३३-०७६/२/३० | अपाङ्ग उत्थान समाज | ७५००० | लक्ष्मी पौडेल | १००० |
| | | | सन्तराम रौतार | १००० |
| ५६०-०७६/३/८ | लुम्बीनि वहुउद्धेश्यीय महिला समुह संस्था | ५०००० | सोमनाथ अर्याल | १००० |
| | | | वाजुवल लेन | १००० |
| ५६३-०७६/३/८ | अपाङ्ग उत्थान समाज | १००००० | अनन्त पोखरेल | १००० |
| | | | रामचन्द्र मरासिनी | १००० |
| | | | लक्ष्मी पौडेल | १००० |
| | | | गणेश व. क्षेत्री | १००० |
| ६०५-०७६/३/१५ | रिना बुटिक एण्ड ट्रेनिङ सेन्टर | १००००० | लक्ष्मी पौडेल | १००० |
| | | | महेश भट्टराई | १००० |
| ६०६-०७६/३/१५ | रिना बुटिक एण्ड ट्रेनिङ सेन्टर | १००००० | लक्ष्मी पौडेल | १००० |
| | | | रामचन्द्र चुदाली | १००० |
| | | | महेश भट्टराई | १००० |
| | | | सन्त प्रसाद चौधरी | १००० |
| ६३१-०७६/३/२४ | वाणगंगा नगरस्तरीय दलित उपभोक्ता समिती | ४००००० | कृष्णप्रसाद विश्वकर्मा | २००० |
| | | | पूर्णकला सुनार | २००० |
| | | | लक्ष्मी पौडेल | २००० |
| ६४३-०७६/३/२५ | सिर्जना टोल विकास संस्था | १००००० | अशोक कुमार चौधरी | १००० |
| ६६३-०७६/३/२७ | सहयोगी महिला वहुउद्धेश्यीय सहकारी संस्था लि. | १२०००० | चक्रपाणी अर्याल | १००० |
| | | | मंगल प्रसाद थारु | १००० |
| | | | तुल्सीराम मरासिनी | १००० |
| ७११-०७६/३/३० | अपाङ्ग उत्थान समाज | २००००० | चक्रपाणी अर्याल | २००० |
| | | | सन्तराम रौतार | २००० |
| | | | महेश भट्टराई | २००० |
| | | | लक्ष्मी पौडेल | २००० |
| | | | देवी बहादुर पाखेल | २००० |
| | | | मित्रलाल डाँगी | २००० |
| | | | हेमनाथ ज्ञवाली | २००० |
| जम्मा | | | | ३८००० |

२०. सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतना सम्बन्धी तालिम, अभिमुखीकरण, मुलप्रवाहीकरण जस्ता कार्य गैर सरकारी संस्थाबाट गराउन सकिने उल्लेख छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ मा गैर सरकारी संस्था बाट काम गराउनको लागि कामको आवश्यकता, जनशक्ति, कार्य संचालन विधि सहितको कार्यक्षेत्रगत शर्त लागत अनुमान तयार गरी राष्ट्रिय स्तर वा स्थानिय स्तरको समाचार पत्रमा सूचना प्रकाशित गरी प्राप्त प्रस्ताव मध्ये घटीलाई छनौट गरी सम्झौता गरि दिन सकिने उल्लेख छ। कार्यालयले ऐन नियममा उल्लेख प्रक्रिया अवलम्बन नगरी विभिन्न संस्थाहरुबाट कार्य गराएको छ। ऐन नियममा उल्लेखित प्रक्रिया अवलम्बन गर्नुपर्दछ।

२१. आयकर ऐन, २०५८ अनुसार गैर सहकारी संस्थाहरुले अस्थायी लेखा नम्बर लिनुपर्ने र स्थाई लेखा नम्बर लिएका संस्थाहरुले आर्थिक कारोवार गर्दा विल जारी गर्नुपर्दछ। कार्यालयले भुक्तानी

गर्दा गैर सरकारी संस्थाबाट विल जारी गराउने गरेको छैन । खर्च गरेको विल भर्पाइ समावेश गरी खर्च लेख्ने गरेको छ । अतः गैर सरकारी संस्थाले स्थायी लेखा नम्वर को विल जारी गर्नुपर्दछ ।

२२. **एकिकृत सम्पत्ति कर सम्बन्धी वैठक :** ११, २०७५।५।१० खरिदार सन्त प्रसाद चौधरी लाई मिति २०७५।५।७ गते वाणगंगा नगरपालिकाको वार्षिक समिक्षा कार्यक्रममा उपस्थित ८० जनालाई र २०७५।४।३० मा एकिकृत सम्पत्ति कर सम्बन्धी वैठकमा सहभागी २७ जना गरी १०७ जनालाई रु.१००० का दरले वैठक भत्ता रु.१,१०,०००।- खर्च लेखेकोमा निम्न व्यहोरा देखियो ।

२३. **उद्धेश्य विपरीत खर्च :** वडा नं. २ को वडा स्तरीय वजेट अर्न्तगत समूह सहकारी फर्मलाई कृषि तथा पशुपालन व्यवसायीकरण कार्यक्रम अर्न्तगत वजेट विनियोजन गरिएको रकम बाट निम्न संङ्ख्याको लागि फर्निचर तथा कम्प्युटर सम्बन्धी सामान खरिद गर्ने प्रस्तावना अनुसार सामान खरिद खर्च गरेको छ । कृषि तथा पशुपालन व्यावसायीकरण कार्यक्रमको लागि वजेट व्यवस्था गरेको रकमबाट संस्थाहरुको लागि कार्यालय व्यवस्थापनका सामान कम्प्युटर, प्रिन्टर, दराज खरिद गरेकोले उद्धेश्य अनुसार खर्च नभएको पाइयो । वजेट तथा कार्यक्रम अनुसार खर्च गर्नुपर्दछ ।

| गो.भौ. र मिति | संस्थाको नाम | खर्च रकम |
|---|---|---|
| ५८४-२०७६/३/१२ | सुपादेउराली कृषि सहकारी कार्यालय व्यवस्थापन उपभोक्ता समिति | १५००००.०० |
| ५९७- २०७६/३/१५ | कैलाश आश्रम कृषि सहकारी संस्था लि. | १५००००.०० |
| जम्मा | | ३०००००.०० |

२४. **टेलीसेन्टर स्थापना तथा संचालन :** प्रदेश नं. ५ ,टेलीसेन्टर सञ्चालन निर्देशिका ,२०७५ मा व्यवस्था भएअनुसार सहज पहुच पुयाउनका साथै सूचना र प्रविधिमा ज्ञानको दायरा वृर्दि गर्ने उद्यश्यले मन्त्रालयले आवश्यकता पहिचान गरी छनौट गरेको स्थानमा टेलीसेन्टर सञ्चालनको लागी रु ४ लाख वजेट सम्वन्धमा देखीएको व्यहोरा निम्नानुसार छ ।

२५. टेली सेन्टर संचालनका लागी यस नगरपालीकाको कार्यालय र मिना ढकाल विच सम्झौता भएको छ । सम्झौता पत्रमा पहिलो पक्ष भनिने वाणगंगा नगरपालीकाले दोस्रो पक्ष मीना घिमिरे लाइ कम्प्युटर १ थान , प्रिन्टर १थान , फोटोकपि मेशिन १ थान ,फ्याक्स थान १ , स्क्यानर थान १ , सि.सि.क्यामेरा थान १, ईन्नटरनेट सुविधा उपल्ध गराउने सम्झौता पत्रमा उल्लेख भएको छ । मन्त्रालय वाट टेलीसेन्टर स्थापनाको लागी कुनै आवश्यकाता पहिचान नभएको, आन्तरीक मामिला तथा कानून मन्त्रालय र स्थानिय निकाय विच भएको सम्झौताको कागजात पेश नभएको ,नगरपालिका वाट खरीद भएको सामानहरु ल्यापटम १ थान, क्यामेरा ३ थान ,डेस्कटप २ थान , प्रिन्टर क्यानन १ थान , मध्ये डेस्कटप १ थान मात्र टेलीसेन्टरले वुझेको देखीन्छ । अन्य सामान यस नगरपालीकाका कर्मचारीले वुझको जिन्सी कितावबाट देखीन्छ । प्रदेश न. ५ को आन्तरीक मामिला तथा कानून मन्त्रालय र यस कार्यालयले अनुगमन गर्न सक्ने भन्ने व्यस्था रहेकोमा निर्देशिका वमोजिम काम भए नभएको सम्वन्धमा अनुगमन गरी सो को प्रतिवेदन पेश गरेको देखिएन ।

२६. **दैवी प्रकोप कोष तर्फ** : विपत व्यवस्थापन कोष वाट यो वर्ष रु ५,८९,७१३।०० खर्च लेखी विभिन्न व्यक्तिहरु तथा विधालयको छाना हावाहुरीले लगेको जस्ता आधारमा विपत व्यवस्थापन समितिको निर्णय राखी औषधि उपचार , दुर्घटना , आगलागी, घरपूर्ण रुपमा क्षति जस्ता

| | | |
|---|---|---|
| | शिर्षकमा रु ५,०००।०० देखी रु ४०,०००।०० सम्मका दरले आर्थिक सहायता वितरण गरेको देखीयो । कार्यपालीकाको ०७६।२।२१ को निर्णयानुसार पत्रकार ओम प्रकाश पौडेलको श्रीमती लाइ रु ४०,०००।०० दुर्घटनामा परेको उपचार खर्च समेत समावेश गरेकोले आर्थिक सहायता वितरणको मापदण्ड कार्यविधि पास गरेर मात्र वितरण गर्नुपर्दछ । | |
| | **शिक्षा तर्फ :** | |
| २७. | **विद्यालयगत निकासा खाता :** कार्यालयले विद्यालयहरुलाई तलब भत्ता लगायतका चौमासिक निकासा दिदा सो को अभिलेख खातामा चढाउने गरेको देखिएन । जसले गर्दा सबै विधालयको निकासा एककिृत रुपमा भिडान गर्न सक्ने स्थिति रहेन । विद्यालयबाट प्राप्त माग फाराम सम्बन्धीत स्रोत व्यक्ति अथवा विद्यालय निरीक्षकले चेकजाँच गरी हस्ताक्षर नगरेको र त्यस्ता माग फारामहरु खोजेको बखत पाइने गरी व्यवस्थीत तरिकाले राख्ने गरेको पाइएन । विद्यालयहरुले वित्तीय तथा सामाजिक लेखापरीक्षण गर्ने कार्य गरे नगरेको खुल्ने गरी अभिलेख तयार गरेको पाइएन । तसर्थ आन्तरिक नियन्त्रण प्रणालीलाई विश्वसनीय एवं भरपर्दो बनाउन विद्यालयहरुको चौमासिक निकासाको विद्यालयगत अभिलेख खाता राख्नुपर्ने साथै अभिलेख व्यवस्थीत नगर्ने सम्बन्धीत अधिकारीलाई कानून बमोजिम जिम्मेवार बनाइनुपर्दछ । | |
| २८. | **निःशुल्क पाठ्य पुस्तक अनुदान :** विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ को सि.नं. २.१५.११ मा प्रति विद्यार्थी लागतका आधारमा कक्षा १ देखि १० सम्म अध्ययनरत विद्यार्थीहरुका निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउन सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्यांक संकलन गरी सम्बन्धित विनि/स्रोत व्यक्तिबाट प्रमाणित गराउने र सो आधारमा कक्षागत पाठ्यपुस्तक संख्या एकिन गरी दोस्रो चौमासिक भित्र अनुदान निकासा दिने । पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र निकासा दिने र बाँकी २५ प्रतिशत २०७५ वैशाखबाट शुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्ना भएको विवरण पााठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा नपुग हुने रकम मात्र थप निकासा दिने व्यवस्था रहेको छ । पालिकाले निकासा दिएको पाठ्यपुस्तक वितरण व्यवस्थापन जिल्ला अनुगमन समितिले विधार्थीहरुले समयमै पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी सो को लगत राख्न लगाएको पाइएन । जसले गर्दा पाठयपुस्तक उपलब्धताको निश्चितता गरेको एवं अनुगमन प्रतिवेदन तालुक निकायमा पठाएको पाइएन । अतः पाठ्यपुस्तक वितरण विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पुस्तिकामा तोके बमोजिम गर्नुपर्दछ । | |
| २९. | **सामाजिक सुरक्षा अनुदान :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७२ को दफा २२ बमोजिम सामाजिक सुरक्षा भत्ता रकम नगरपालिकामा बैंक मार्फत गरिने गाउँपालिकमा बैंकिङ्ग सुविधा भए बैंक मार्फत भत्ता वितरण गरिने व्यवस्था मिलाउने उल्लेख छ । यस वर्ष नगरपालिकाले सामाजिक सुरक्षा भत्ता बैंक मार्फत वितरण गरेको देखियो । तर लाभग्राहीको MIS अनुसार खाता नं. पेश्की फछ्र्यौट गर्दा संलग्न राख्नुपर्नेमा सोको विवरण प्राप्त भएन । | |
| ३०. | सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यबिधि, २०७२ को दफा ९ अनुसार गाँउपालिका वा नगरपालिकाले भत्ता पाउने लाभग्राहीहरुको फोटो सहित अनुसूचि ५ बमोजिमको मूल अभिलेख अध्याबधिक गरी राख्नु पर्ने व्यवस्था छ । सामाजिक सुरक्षा पाउने व्यक्तिको नामनामेसी, नागरिकता नं., परिचय पत्र नं., फोटो आदि विवरण अद्यावधिक राखि मूल अभिलेख खाता व्यवस्थित गरी सोहि प्रमाणका आधारमा वित्तिय सूचना प्रणाली (MIS) मा डाटा अपलोड गर्दै दोहोरो नपर्ने गरी अभिलेख भिडान हुने गरी राख्नु पर्दछ । तर कार्यालयले मूल अभिलेख खाता वडा कार्यालयमा रहेको जनाई लेखापरीक्षणका लागि पेश नगरेको, अन्य विषयका हकमा उमेर | |

पुरा भएपछिवा भत्ता पाउने भएपछि अभिलेखमा फोटो तथा ल्याप्चे नलगाई सोझै सफ्टवेयर इन्ट्री गरेको, सम्वन्धित वडाबाट नामनामेसी सहित अभिलेख व्यवस्थित गरी सिफारिस सहित कागजात प्राप्त भएपछि MIS मा प्रविष्ट गर्नुपर्नेमा सोझै गर्ने गरेको, अनुसूची ८ मा थप भएका र हराएका व्यक्तिको विवरण भरि प्राप्त नभएको केही नामनामेसी सफ्टवेयरबाट सोझै हटाउने र थप्ने कार्य भएको, वित्तिय सूचना प्रणालीमा सामान्य कुरा फरक भएमा समेत भिडान भई नामनामेसी प्रविष्ट गरेको, एउटै नागरिकता नं. भएकाको समेत MIS मा प्रविष्ट भएबाट वित्तिय सूचना प्रणाली भरपर्दो र विश्वसनिय नभएकाले सम्बन्धित निकायले सो प्रणालीमा भत्ता पाउनेको नामनामेसी दोहोरो नपर्ने गरी System बाट नियन्त्रण हुने गरी व्यवस्थित गर्नुपर्दछ ।

कार्यालयले वडा कार्यालय अनुगमन गरी भत्ता पाउने/नपाउने अभिलेख यकिन नगरेको, पञ्जिकरण अभिलेख (जन्म, मृत्यू, बसाई सराई) व्यवस्थित अभिलेख नभएको, मन्त्रालय/पंजिकरण विभागमा अनुसूची ८ (क) नपठाएको र अभिलेख समेत पेश नगरेबाट भिडान गर्न सकिएन ।

३१. **आन्तरिक आय :** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १०(१) बमोजिम कारोवारको लेखा महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत भए बमोजिमको ढांचामा राख्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा १३(१) बमोजिम आफ्नो जिम्मा भएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट दाखिला गर्नुपर्ने उल्लेख छ । यस वर्ष कार्यालय र अन्तर्गतका वडा कार्यालयबाट मालपोत, सिफारिस, पञ्जिकरण, लगायतका शीर्षकमा आन्तरिक आम्दानी गरेकोनगदी रसिद नियन्त्रण खाता राखेको देखिएन । कार्यालयले निम्नबमोजिम राजश्व फारामहरु नराखेकोले असुल भएको रकम हिनामिना समेत हुने संभावना देखिएकोले आन्तरिक नियन्त्रण हुने गरी तोकिए बमोजिमका निम्न फारमहरु अनिवार्य प्रयोग गरी राजस्वको लेखा राख्नु पर्ने देखिन्छ ।

– नगदी प्राप्ती रसिद म.ले.प फाराम नं. १०१
– दैनिक राजश्व / आम्दानी खाता म.ले.प फाराम नं. १०२
– गोश्वारा भौचर (राजश्व) म.ले.प फाराम नं. १०३
– राजश्व / आम्दानीको शीर्षकगत खाता म.ले.प फाराम नं. १०४
– राजश्व आम्दानीको गोश्वारा खाता म.ले.प फाराम नं. १०५
– राजश्व आम्दानीको दैनिक नगद प्राप्त गोश्वारा खाता म.ले.प फाराम नं. १०६
– राजश्व आम्दानीको दैनिक बैंक भौचर प्राप्त गोश्वारा खाता म.ले.प फाराम नं. १०७।

३२. **स्थानिय तहका पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाउंसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानुन बमोजिम हुने व्यवस्था अनुसार प्रदेश नं. ५ प्रदेश संसदले स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धि ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार पञ्चदेवल विनायक नगरपालीकाले देहायबमोजिम रु.१,३१,०४,०००।- सुविधा बापत भुक्तानी गरेको छ ।

| सि.नं. | विवरण | प्रमुख | उपप्रमुख | वडाअध्यक्ष ११ जना | कार्यपालिका सदस्य २१ जना | सभाका सदस्य ५८ जना | जम्मा (वार्षिक) |
|---|---|---|---|---|---|---|---|
| **१** | पारिश्रमिक सुविधा | ३५००० | ३०००० | २५००० | १३००० | ८००० | १२९२४००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | सञ्चार सुविधा | २००० | २००० | १००० | - | - | १८०००० |
| जम्मा | | | | | | | १३१०४००० |

३३. **अनुगमन परिक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२) (घ) बमोजिम वेरुजू फछ्र्याट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकिय अधिकृतको हुने व्यवस्था छ। कार्यालयले वेरुजु फछ्र्यौट गरी सम्परीक्षणको लागि पेश गरेको बेरुजु सम्परीक्षण गरि निम्नानुसार कायम भएको छ।

| गत वर्षको बेरुजु रकम (रु.) (A) | यो वर्ष फछ्र्यौट (B) | बाँकी (C= A-B) |
|---|---|---|
| ३११९०००.०० | - | ३११९०००.०० |

३४. **अद्यावधिक बेरुजु स्थिति :** बाणगंगा नगरपालिकाको आर्थिक वर्ष २०७५/०७६ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ :

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) © | यो वर्षको सं प.बाट कायम बेरुजु रु. (D) | यो वर्षको कायम बेरुजु रु. (E) | बाँकी (F=C+D+E) |
|---|---|---|---|
| ३११९०००.०० | - | १०१७३००.०० | ४१३६३००.०० |

अनुसूची-१

## स्थानीय संचितकोषको विवरण
## २०७५।७६

(रु. हजारमा)

| स्थानीयतहको नाम | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | जम्मा खर्च | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | गतवर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | | |
| | | १ | २ | ३ | ४ | ५(२+३+४) | ६ | ७ | ८ | ९(६+७+८) | १०(१+५–९) |
| वाणगंगा नगरपालिका | कपिलबस्तु | ५२६४० | १३६१७५ | ११९१९३ | १८०५१७ | ४३५८८५ | २३७९६५ | १४८००८ | ० | ३८५९७३ | १०२५५२ |

अनुसूची-२

## वाणगंगा नगरपालिकाको बेरुजू वर्गीकरण
## (विनियोजन, राजश्व, धरौटी र अन्य कारोवार)
## २०७५/७६

(रु. हजारमा)

| स्थानीयतहको नाम | जिल्ला | प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बाँकी बेरुजु | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असूल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | कर्मचारी | अन्य | जम्मा |
| | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी | सोधभर्ना नलिएको | जम्मा | | | |
| वाणगंगा नगरपालिका | कपिलबस्तु | ३८ | २७ | ९८६१ | ७ | २६ | ८८४४ | ३१ | १ | १०१७ | ० | १०१७ | ० | ० | ० | १०१७ | ० | ० | ० |

## बेरुजुको अद्यावधिक स्थिति

(रु. हजारमा)

| स्थानीयतहको नाम | जिल्ला | गत बर्षसम्मको बाँकी | यो बर्षको फछ्र्यौट | बाँकी | यो बर्ष सं.प. बाट कायम भएको बेरुजु | यो बर्षको बेरुजु | कूल बाँकी बेरुजु |
|---|---|---|---|---|---|---|---|
| वाणगंगा नगरपालिका | कपिलबस्तु | ३११९ | ० | ३११९ | ० | १०१७ | ४१३६ |